प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा तह प्राविधिक शिक्षा छात्रवृत्ति कार्यकमको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना**

(मिति २०७४ चैत्र १२ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरुमा संचालित **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाती तथा भूकम्प प्रभावित )** डिप्लोमा इन इन्जिनियरिङ्ग कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्ड, दोस्रो बर्ष दोस्रो खण्डको नियमित एवं प्रथम वर्ष दोस्रो खण्ड, दोस्रो बर्ष दोस्रो खण्डको र तेस्रो बर्ष दोस्रो खण्डको आंशिक, इन्टरप्रेनरशिप डेभ्लपमेण्ट कार्यकमको प्रथम वर्ष दोस्रो खण्डको नियमित तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, डिप्लोमा इन फार्मेसी र कृषी (वाली विज्ञान र पशु विज्ञान) कार्यक्रमको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक परीक्षा बैशाख महिनामा संचालन हुने भएकोले मिति ***२०७४ साल*** बैशाख ०२ ***गते भित्र*** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउँनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ***

**शर्तहरु:**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको मुखाकृती प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ ।

२. **शिक्षण संस्थाहरुले परीक्षार्थीको (परीक्षा शुल्क बार्षिक तर्फ प्रति विद्यार्थी रु. २५००।- र सेमेष्टर तर्फ प्रति विद्यार्थी रु. २०००।-) रकम उल्लेख भएको शिक्षण संस्थाको सकल पत्र फाराम साथ पेश गर्नु पर्नेछ ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ( तोकिएको मिति भन्दा पछि सात दिन भित्र परीक्षा आवेदन फाराम बुझाउने परीक्षार्थीहरुको हकमा मात्र) ।

***४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्ब शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।***

५. नियमित परीक्षार्थीको परीक्षा आवेदन फाराम परिषद्को Website WWW.ctevt.org.np मा उपलव्ध हुनेछ । आंशिक परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद, परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालयहरुबाट उपलव्ध हुनेछ ।

६. नियमित परीक्षार्थीको परीक्षा आवेदन फारामहरु **Web based online system मा entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नु पर्नेछ ।** साथै नियमित परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक **Web based online system मा entry गरी** ***प्रमाणित एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न **गर्नुपर्नेछ** ।

७. आंशिक परीक्षार्थीको हकमा परीक्षा आवेदन फारामसाथ ***समष्टीगत फारामको प्रमाणित प्रति Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0 मा)*** अनिवार्य रुपमा बुझाउँनुर्नेछ ।

८. आन्तरिक मूल्यांकन परीक्षामा उतिर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउँने छन । आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण ***(NQ)*** परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वत : रद्द हुने छ । तसर्थ परीक्षार्थीहरुको प्राप्तांक दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक **Web based online system मा entry गरी** ***प्रमाणित एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न **गर्नु पर्नेछ** ।

९. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१०. आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

११. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु मिति २०७४ साल बैशाख ०४ गते भित्र परिषद, परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन ।

१२. आंशिक परीक्षार्थीहरुको **Symbol No.** परिषद्को Website WWW.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ

१३. यो सूचना परिषद्को **Web Site www.ctevt.org.np** मा उपलव्ध हुनेछ ।

**नियन्त्रक**